# परिच्छेद-४

# न्यायिक समिति सम्बन्धी कानूनी व्यवस्था

## ४.१ न्यायिक समितिको व्यवस्था

कानून बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको बिषयमा विवादको निरुपण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था नेपालको संविधानको धारा २१७ ले गरेको छ। गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति गठन हुन्छ। न्यायिक समितिमा संयोजकको अतिरिक्त दुई जना सभाका सदस्यहरू गाउँ वा नगर सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गर्नुपर्छ।

## ४.२ न्यायिक समितिको काम, कर्तव्य र अधिकार

न्यायिक समितिलाई देहायका विषयमा विवाद उपन्न भई समितिमा उजुरी वा निवदन पर्न आएमा शुरुमा मेलमिलाप गराउन पहल गर्ने र मेलमिलाप नभएमा निर्णय गरी बिबाद निरुपण (टुङ्गो लगाउने) गर्ने अधिकार रहेकोछ। यस्तो उजुरी दिने ब्यक्ति वा पक्षले न्यायिक कार्यविधि ऐनको अनुसूची-१ बमोजिमको ढाँचामा उजुरी गर्ने आफ्नो हक वा सरोकार रहेको हकदैया पुग्ने बिबरण खुलाई न्यायिक समिति समक्ष निवेदन पत्र पेश गर्नुपर्नेछ।

### (क) निरुपण गर्ने प्रकृतिका विवादहरू :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) बमोजिम न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार रहेको छ।[२]

(क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोग,

(ख) आर्काको बाली नोक्सानी गरेको,

(ग) चरन, घाँस, दाउरा,

(घ) ज्याल मजुरी नदिएको,

(ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

(च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

(छ) नाबालक छोरा छोरी वा पति पत्नीलाई ईज्जत आमद अनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको

(ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको बिगो भएको घर बहाल र घर बहाल सुविधा,

(झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको

(ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको,

---

[२] स्थानीय सरकार सञ्चालन ऐन,२०७४" को दफा ४७ को उपदफा (१)

(ट) सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउन् पर्दा कानून बमोजिम छोड्नु पर्ने परिमाणको जग्गा नछोडी बनाएको,

(ठ) कसैको हक वा स्वामीत्वमा भएपनि परापूर्वदेखि सार्वजनिकरुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको,

(ड) सङ्घीय वा प्रदेश कानूनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद ।

**(ख) मेलमिलापद्वारा मात्र निरुपण गर्ने विवादहरू :**

देहायका विवादमा न्यायिक समितिले मेलमिलाप मात्र गराउन पाउंछ, यी विवादका विषयमा निर्णय दिन पाउदैन ।[1]

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएको,

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गमा घर वा कुनै संरचना बनाएको,

(ग) पति-पत्नीबीचको सम्बन्ध विच्छेद

(घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(ङ) गाली बेईज्जती,

(च) लुटपिट,

(छ) पशुपक्षी छाडा छाडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरबाही गरी अरुलाई असर पारेको,

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको,

(झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोग चलन गरेको,

(ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्यांकी छिमेकीलाई असर पुऱ्याएको,

(ट) प्रचलित कानून मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

[1] स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ को उपदफा (२)